# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको

# नियमावली, २०७२

## (पाचौं संशोधन २०७८ सहित)

ऊर्जा मन्त्रालय

सिंहदरबार

**अनुसूची-१५**

(दफा २० को उपदफा (४) सँग सम्बन्धित)

पब्लिक लिमिटेड कम्पनीको नियमावलीको ढाँचा

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडको

नियमावली

परिच्छेद-१

प्रारम्भिक

१. कम्पनीको नामः यस कम्पनीको नामे "राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड अंग्रेजीमा Rastriya Prasaran Grid Company limited" हुनेछ ।

२. कम्पनीको रजिष्टर्ड कार्यालयः यस कम्पनीको रष्जिष्टर्ड कार्यालय काठमाण्डौं उपत्यका भित्र रहनेछ ।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्याकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

४. कम्पनीको उद्देश्यः कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

परिच्छेद-२

शेयर पूँजी तथा ऋण

५. शेयरको अंकित मूल्यः *यस कम्पनीको शेयरको अंकित मूल्य रु.१००।- (रुपैया एक सय) हुनेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

६. शेयरमा लियन रहने कुराः शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वाफतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम बापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. विभिन्न वर्गका शेयरहरु सम्बन्धमाः (जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरु)

(१) साधारण शेयर वाहेक हाललाई अन्य प्रकारका शेयरको व्यवस्था गरिएको छैन ।

क) संस्थापक
ख) सर्वसाधारण

(२) साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ६ मा उल्लेख गरिए बमोजिमको हुनेछ ।

८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृत भाहिने वा नचाहिनेः +(१) यस कम्पनीबाट साधारण शेयर बाहेक अन्य वर्गका शेयरहरु जारी गरिएको छैन ।अन्य वर्गका शेयर जारी गर्नु परेमा प्रचलित कानूनको अधिनमा रही जारी गर्न सकिने छ ।

+(२) विभिन्न समूहका शेयरधनीहरुको अधिकारमा हेरफेर गर्नु परेमा वा शेयरधनीले शेयर विक्रि गर्नु परेमा सम्बन्धित समूहका शेयरधनीहरुलाई पहिलो प्राथमिकता दिईने छ । तत्पश्चात मात्र अन्य समूहलाई शेयर खरिद गर्नको लागि आह्वान गरिनेछ ।

+(३) हाल साधारण शेयरहरु मध्ये देहाय बमोजिमका संस्थापक शेयरधनी समूहलाई शेयर जारी गरिएको छ ।

**(क) साधारण शेयर, संस्थापक समूहका शेयरधनी**

नेपाल सरकार, अर्थ मन्त्रालय
नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार, रक्षा मन्त्रालय
नेपाल सरकार, गृह मन्त्रालय
नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
नेपाल सरकार, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
नेपाल सरकार, संचार तथा सूचना प्रविधि मन्त्रालय

+ दोस्रो संशोधनद्वारा थप

## (ख) साधारण शेयर, सर्वसाधारण समूहका शेयरधनी

९. अग्राधिकार शेयरः हाललाई अग्राधिकार शेयरको व्यवस्था गरिएको छैन । कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ ।

१०. संस्थापकले लिनु पर्ने शेयरः *शेयरधनीले कम्पनीको संस्थापक हुन कम्तीमा ५०,०००।- कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्थाः कम्पनीले आवश्यकताअनुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ ।

१२. शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्थाः (१) कम्पनीको शेयर चल सम्पति सरह अर्को व्यक्तिलाई बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ ।

(२) शेयर बिक्री वा धितोबन्धक र दाखिला खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ ।

(३) संस्थापक समूहको शेयर हस्तान्तरण गर्दा ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ ।

१३. शेयरको प्रमाण पत्रः कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक समितिको अध्यक्ष तथा कम्पनीको कार्यकारी प्रमुख गरी दुई जनाको दस्खत र कम्पनीको छाप लगाई शेयर प्रमाण-पत्र दिईनेछ ।

१४. शेयर पूँजी हेरफेर गर्ने कुराः प्रचलित कानून अनुरुप साधारण सभाबाट प्रस्ताव पेश गरी साधारण सभाको निर्णयबाट कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्थाः (१) नेपाल सरकारको कम्पनीमा ५१ (एकाउन्न) प्रतिशत शेयर नघट्ने गरी नेपाल सरकारको स्वीकृत लिई कम्पनीले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

(२) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा ऐनको अधीनमा रही सञ्चालक समितिले उपनियम (१) मा भए बमोजिमको प्रतिशत कायम रहने गरी खरिद गर्न सकिनेछ ।

१६. ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्थाः (१) कम्पनीले सञ्चालन समितिको स्वीकृत लिई प्रचलित कानूनको अधीनमा रही ऋण डिवेञ्चर उठाउन सक्नेछ ।

(२) जारी पूँजी पूर्ण रुपमा चुक्ता नभएसम्म कम्पनीले डिवेञ्चर उठाउन सक्ने छैन ।

(३) कम्पनीले जारी गरेको डिवेञ्चर शेयरमा परिणत हुन सक्नेछ । सो लाई साधारण सभाले अनुमोदन गरेपछि मात्र लागू हुनेछ ।

(४) उपनियम (३) बमोजिम डिवेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोक्न सक्नेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

(५) कम्पनीको डिवेञ्चर अन्य चल सम्पति सरह धितो बन्धक राख्न सकिनेछ ।

(६) ऋण वा डिवेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(७) डिवेञ्चर हस्तान्तरण र दाखिला खारेज सम्बन्धी व्यवस्था ऐनमा उल्लेख भएबमोजिम हुनेछ ।

१७. <u>शेयरधनी तथा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षणः</u> (१) कम्पनीको शेयरधनी वा डिवेञ्चरवालाले कम्पनीको शेयर वा डिवेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक वर्षमा पैतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिक निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक सञ्चालन समितिले तोके बमोजिमको दस्तुर लिई प्रतिलिपी दिईनेछ ।

परिच्छेद -३

<u>साधारण सभा</u>

१८. <u>कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्थाः</u> (१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) वार्षिक साधारण सभा ,

(ख) विशेष साधारण सभा,

*(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले आफ्नो कारोवार गर्न स्वीकृत पाएको मितिले एक वर्षभित्रमा गरिनेछ र त्यसपछिका बार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा एक्काइस दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्पतीमा प्रन्ध्र दिन अगावै सबै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सूचना दिइनेछ । सो सूचना कम्पनीमा एकपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ ।

(४) सञ्चालक समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवका अनुपस्थितिमा सञ्चालन समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लेखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्ने नसकेमा सञ्चालन समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थिति भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् ।यसरी साधारण

---

* दोस्रो संशोधनद्वारा संशोधित

बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तीमा सात दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

१९. साधारण सभाको कार्यविधिः (१) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(२) समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारबारी प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभाको छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्माण नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको ६७ (सत्सठ्ठी) प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको गत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

२०. साधारण सभामा पेश गर्ने अन्य विषयः ऐनमा उल्लेख भएका विषयहरु बाहेक साधारण सभामा पेश गर्नुपर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२१. विशेष प्रस्तावः ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पेश गर्नुपर्ने भएको भनि समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ ।

२२. विशेष साधारण सभाः ऐनमा उल्लेख भए बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. गणपूरक संख्याः बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्धारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा २५ (पच्चिस) प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ (तीन) जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन ।

२४. प्रोक्सी मत सम्बन्धी व्यवस्थाः (१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनी प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) प्रतिनिधि नियुक्त गर्दा कम्पनीको शेयरधनीलाई नै गर्नुपर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम् शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषय वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. मतदानः (१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एकमत दिने अधिकार हुनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन ।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन ।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।

(५) एक भन्दा बढी व्यक्तिको उम्मेदवारी पर्न गएमा निर्वाचन नगरी सर्वसम्मत निर्णय गरी सञ्चालक निर्वाचन गर्दा गरि सञ्चालक नियुक्त गर्न सकिनेछ ।

२६. साधारण सभाको निर्णय विवरणको अभिलेखः (१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिनेछ । त्यस्ता अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै कारणले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा

कम्पनी सचिवको नियुक्त नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालय राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

परिच्छेद-४

## सञ्चालक समिति

२७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल: (१) सञ्चालकहरुको नियुक्ति, मनोनयन वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ । तर स्वतन्त्र सञ्चालक र व्यवसायिक सञ्चालकको नियुक्ति समितिको सिफारिसमा वार्षिक साधारण सभाले गर्नेछ ।

*(२) यस कम्पनीमा ✂.....९ (नौ) जनाको सञ्चालक समिति हुनेछ । जसको गठन विधि निम्नानुसार हुनेछ र सञ्चालकहरुले आफूमध्येबाट अध्यक्षको चयन गर्नेछ ।

(क) नेपाल सरकारको तर्फबाट- -४ जना

१) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको सचिव १ जना

२) ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय १ जना (राजपत्रांकित प्रथम श्रेणीको अधिकृत)

३) अर्थ मन्त्रालय १ जना (राजपत्रांकित प्रथम श्रेणीको अधिकृत)

४) गृह मन्त्रालय, रक्षा मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र संचार तथा सूचना प्रविधि मन्त्रालयबाट नेपाली वर्णानुक्रम अनुसार १ जना (राजपत्रांकित प्रथम श्रेणीको अधिकृत)

(ख) नेपाल विद्युत प्राधिकरणबाट -२ जना

(ग) स्वतन्त्र सञ्चालक (वित्त/व्यवस्थापन विशेषज्ञ) -१ जना

(घ) स्वतन्त्र सञ्चालक (विद्युत प्रसारण विशेषज्ञ) -१ जना

(ङ) प्रमुख कार्यकारी अधिकृत -सदस्य सचिव

(३) संस्थापक सञ्चालकहरु वाहेक अन्य सञ्चालकहरुको कार्यकाल चार वर्षको हुनेछ ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

✂ पाचौं संशोधनद्वारा झिकिएको

(४) वार्षिक सधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ ।

तर, वार्षिक साधारण सभाद्धारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) सङ्गठित सस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्न सक्नेछ ।

(६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

(७) नेपाल सरकारले उपनियम २ (क) बमोजिम अध्यक्ष नियुक्त नगरेको अवस्थामा सञ्चालकहरुले आफूमध्येबाट बहुमतले छानेको कुनै एकजना व्यक्ति समितिको अध्यक्ष हुनेछ ।

(८) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म देहाय बमोजिमको प्रथम सञ्चालक समिति रहनेछ ।

(क) नेपाल सरकार, ऊर्जा मन्त्रालयको सचिव,

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(ग) नेपाल सरकार, रक्षा मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(घ) नेपाल सरकार, गृह मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(ङ) नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(च) नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(छ) नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयको कम्तिमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

(ज) नेपाल सरकार, ऊर्जा मन्त्रालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत

२८. <u>सञ्चालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या:</u> यस कम्पनीको सञ्चालकको पदमा नियुक्त, मनोनयन वा निर्वाचन हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा *५,००,००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।
तर स्वतन्त्र सञ्चालक, विशेषज्ञ सञ्चालक र सङ्गठित संस्थानको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

२९. <u>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्वन्धी व्यवस्था:</u> (१) कम्पनीमा शेयरधनी बाहेकका स्वतन्त्र र

---

* दोस्रो संशोधनद्वारा संशोधित

व्यवसायिक सञ्चालक गरी दुई जना रहनेछन् । दुई जनामध्ये एकजनाको शैक्षिक योग्यता अर्थशास्त्र वा व्यवस्थापन विषयमा मान्यता प्राप्त विश्व विद्यालयबाट प्रथम श्रेणीमा स्नातकोत्तर उपादि हासिल गरेको वा स्नातकोत्तर तहको चार्टर्ड एकाउण्टेन्सी उपादि हासिल गरेको र अर्को एकजनाको शैक्षिक योग्यता ईलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण गरी व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको हुनेछ । निजहरुको अन्य योग्यता सम्बन्धमा वित्त-व्यवस्थापन विशेषज्ञका हकमा कम्तीमा पन्ध्र वर्षसम्म आफ्नो व्यवसायमा अनवरत लागि उच्च नैतिकता र क्षमता प्रदर्शन गरेको व्यक्ति हुने र विद्युत प्रसारण विशेषज्ञका हकमा जलविद्युत उत्पादन वा प्रसारण कार्यमा कम्तीमा पन्ध्र वर्षको अनुभव र आयोजना-परियोजना प्रमुख भै काम गरेको र उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको हुने ।

(२) स्वतन्त्र सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ ।✂......

(३) स्वतन्त्र वा विशेषज्ञ सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ ।

(४) स्वतन्त्र वा विशेषज्ञ सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।

३०. <u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने:</u> एकपटक सञ्चालक भैसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्ति हुन सक्नेछ ।

३१. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने:</u> समितिमा सञ्चालकहरुले नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी +यस नियमावलीको नियम २७ को उपनियम (२) नियुक्त हुनेछन।

(क) ✂......

(ख) ✂......

३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:</u> * (१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म सञ्चालकको प्रति बैठक रु ३,०००।- ( रुपैया तीनहजार मात्र) बैठक भत्ता प्रदान गरिनेछ ।

यसरी तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

---

✂ दोस्रो संशोधनद्वारा झिकिएको

+ दोस्रो संशोधनद्वारा थप

* तेस्रो संशोधनद्वारा संशोधित

(३) सञ्चालकले यस नियमावलीमा लेखिएदेखि बाहेक प्रत्येक्ष र अप्रत्यक्ष रुपमा कुनै व्यक्तिगत फाइदा वा सुविधा लिन हुँदैन र लिएको पाइएमा ऐन बमोजिम कसूर गरेको मानी त्यस्तो फाइदा वा सुविधा बराबरको रकम निजबाट असूल उपर गरिनेछ ।

३३. <u>सञ्चालक समितिको कार्य कर्तव्य र अधिकारहरुः</u> (१) समितिको काम, कर्तव्य र अधिकार ऐनमा व्यवस्था गरिए अनुरुप हुनेछ ।

(२) समितिले कर्मचारी सम्बन्धी विनियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, ग्रिड कोड, प्रणाली सञ्चालन विनियमावली आदि बनाई लागू गर्नेछ ।

३४. <u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको अधिनमा रही समितिले आफ्नो अधिकार मध्ये केही यस कम्पनीका अन्य सञ्चालक, पदाधिकारी, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) ऐन र प्रबन्धपत्रको अधीनमा रही समितिले विषय, व्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३५. <u>प्रबन्ध सञ्चालक सम्बन्धी व्यवस्थाः</u> (१) यो कम्पनीमा प्रबन्ध सञ्चालकको व्यवस्था गरिएको छैन ।

(२) कम्पनीमा कार्यकारी प्रमुखको रुपमा काम गर्ने गरी सञ्चालक समितिका अध्यक्ष वा सदस्य नियुक्त हुनसक्ने छैन ।

३६. <u>प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः</u> (१) समितिले ऐन, कम्पनीको प्रबन्धपत्र (बनाउनु पर्ने सैद्धान्तिक व्यवस्था) र नियमावलीको अधीनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ र समितिले आवश्यक ठानेमा उक्त कार्यको लागि छनौट समिति समेत गठन गर्न सक्नेछ । प्र.का.अ. लाई कार्यकारी निर्देशन मानिने छ ।

(२) प्रमुख कार्यकारी अधिकृत कम्पनीको प्रमुख प्रशासक हुनेछ र निजको योग्यता देहाय बमोजिम हुनेछः-

*(क) उमेर ३५ (पैतिस) वर्ष पूरा भएको र ५४ (चउन्न) वर्ष ननाघेको,

*(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा कम्तीमा स्नातकोत्तर गरेको र सोही क्षेत्रमा कम्तिमा ८ (आठ) वर्षको कार्य अनुभव वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी स्नातक पछि सोही क्षेत्रमा कम्तिमा १० (दश) वर्ष कार्य अनुभव भएको ।

(ग) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजामति सेवा वा संगठित संस्थाको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा कार्यरत भई उपनियम (२) को खण्ड ( ख) बमोजिमको

---

* पहिलो संशोधनद्वारा संशोधित

+प्राज्ञिक योग्यता पुगेको कर्मचारीले कम्पनीको कार्यकारी प्रमुखको पदमा उम्मेदवार हुन बाधा पर्ने छैन तर प्रमुख कार्यकारी अधिकृतको प्रमुखको पदमा उम्मेदारी दिदा त्यस्ता कर्मचारीले आफू कार्यरत निकायबाट पूर्व स्वीकृत पत्र (No objection letter) समेत पेश गर्नुपर्नेछ ।

(४) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोके बमोजिम वा सेवा करारद्धारा निर्धारण गरिए बमोजिम हुनेछ ।

(५) प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित ऐन, कानून, प्रबन्धपत्र, नियमावली एवं विनियमावलीको अधिनमा रही कम्पनीको दैनिक कार्य सञ्चालन गर्ने,

(ख) समितिको निर्णय लागू गर्ने र ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही कम्पनीको काम, कारबाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,

(ग) कम्पनीको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) कम्पनीको विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(ङ) समिति र साधारण सभाद्धारा गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(च) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही कुनै निकायमा कम्पनीले पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(छ) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

(ज) प्रमुख कार्यकारी अधिकृत आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ ।

(झ) प्रमुख कार्यकारी अधिकृतले आवधिक रुपमा समितिसँग आफ्नो कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(६) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्मका लागि सञ्चालक समितिले एक व्यवस्थापन समूहको गठन गर्नेछ । व्यवस्थापन समूहमा नेपाल सरकारको अर्थ मन्त्रालयबाट एकजना र ऊर्जा मन्त्रालयबाट एकजना राजपत्रांकित प्रथम वा द्धितीय श्रेणीको अधिकृत र नेपाल विद्युत प्राधिकरणबाट विद्युत प्रणाली सम्बन्धी कार्यमा सम्बद्ध कम्तिमा एघारौं तहको अधिकृत एकजना गरी जम्मा तीनजना रहनेछन् । व्यवस्थापन समूहले सञ्चालक समितिप्रति उत्तरदायी रहने गरी प्रमुख कार्यकारी अधिकृतको हैसियतमा कार्यसञ्चालन गर्न व्यवस्थापन समूहको कार्यकाल छ महिना हुनेछ । सञ्चालक समितिले अति आवश्यक देखेमा व्यवस्थापन समूहको कार्यकाल तीन महिना थप गर्न सक्नेछ ।

---

+ पहिलो संशोधनद्धारा थप

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न नेपाल सरकारको रा.प. प्रथम श्रेणीको अधिकृत तोकिदिन ऊर्जा मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

(८) कम्पनीमा तत्काल कर्मचारी पदपूर्ति हुन सक्ने अवस्था नभएमा समितिले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व प्राप्त संस्थापनमा कार्यरत कर्मचारीहरु कम्पनीमा काम गर्न काजमा खटाईदिन ऊर्जा मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।

३७. <u>सञ्चालक समितिको बैठक बोलाउने:</u> समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा प्रमुख कार्यकारी अधिकृतले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. <u>समितिको बैठक सम्बन्धी कार्यविधि:</u> (१) समितिको बैठक दुईवटा बैठक बीचको अवधि दुई महिनाभन्दा बढी नहुने गरी आवश्यकताअनुसार बैठक बस्नुपर्नेछ । सञ्चालक समितिको अध्यक्षको निर्देशनमा कम्पनी सचिव समितिको बैठक बोलाउने छ । त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक संख्याको कम्तीमा पच्चिस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चिस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालकहरु समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ । बैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको बैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ । तर सञ्चालक र बैकल्पिक सञ्चालक एकैपटक सञ्चालक समितिको बैठकमा उपस्थित हुन सक्ने छैनन् ।

(४) सञ्चालकहरुको कुल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा बम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेका काम कराबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर, आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी बैठकविना पनि निर्णय गर्न सकिनेछ । त्यस्तो निर्णयलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ ।

३९. <u>समितिको निर्णयको अभिलेख:</u> (१) समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) को छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुले दस्खत गरेको हुनुपर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद-५

## <u>हिसाबकिताब, लेखा तगा लेखारीक्षण</u>

४०. <u>कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण:</u> (१) कम्पनीको लेखा तथा हिसाबकिताब खाता, बही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिविम्बित हुने गरी दोहोरो लेखा प्रणालीमा आधरित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्टयाण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नुपर्नेछ र यस्तो लेखा आफ्नो रजिष्टर्ड (केन्द्रिय) कार्यालयमा राख्नुपर्नेछ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रत्येक दिनको कारोबार स्पष्ट देखिन गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालय पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात नाफा नोक्सानको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई

नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्ता प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४१. लेखापरीक्षण समिति सम्बन्धी व्यवस्थाः समितिले प्रचलित कानूनको अधिनमा रही लेखापरीक्षण समितिको व्यवस्था गरी सो को काम, कर्तव्य र अधिकार तोक्न सक्नेछ ।

## पच्छिेद-६

## विविध

४२. लाभांश सम्बन्धी व्यवस्थाः (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालीस दिनभित्र लाभांश वितरण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा बार्षिक दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गनुपर्नेछ ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीहरुलाई दिइने तथा निजबाट प्राप्त हुने सूचनाः कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनी, सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतिय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. कम्पनी सचिवः सञ्चालक समितिले कम्पनी सचिवको नियुक्ति गर्नेछ । त्यसरी कम्पनी सचिव नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृत नै कम्पनी सचिवको रुपमा काम गर्नेछ ।

४५. कम्पनीको छापः (१) कम्पनीको छाप प्रमुख कार्यकारी अधिकृतको जिम्मामा रहनेछ, जसको प्रयोग कम्पनीको कारोबारको प्रयोजनको लागि गरिनेछ । निजले कम्पनीका अन्य कर्मचारीहरुलाई छापको प्रयोग गर्ने गरी जिम्मेवारी सुम्पन सक्नेछ ।

(२) अनधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गरिनेछ ।

४६. प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्थाः (१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखितको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु. १०।- प्रति पाना दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभाको काम कारबाहीको विवरणको प्रतिलिपि प्राप्तग गर्न प्रति पृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. २०।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाण पत्रको प्रतिलिपि प्राप्त गर्न रु. ५०।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु.१०।- दस्तुर लाग्नेछ।

४७. कम्पनी गाभिने कुरा: (१) यस कम्पनीमा प्रचलित कानूनको अधिनमा रही नेपाल विद्युत प्राधिकरणको मौजूदा विद्युत प्रसारण प्रणालीसँग सम्बन्धित संरचनाहरु क्रमिक रुपमा गाभिँदै जानेछ।

(२) यसरी नेपाल विद्युत प्राधिकरणको प्रसारण लाइन तथा सोसँग सम्बद्ध अन्य संरचना कम्पनीसँग गाभिँदा हुन सक्ने शेयरको हेरफेर वा हस्तान्तरणसम्बन्धी आवश्यक व्यवस्था गर्न सकिनेछ ।

४८. कम्पनीको खारेजी: (१) प्रचलित कानूनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) कमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले खारेजी सम्बन्धी काम कारबाही गर्नेछन् ।

(४) कम्पनीको खारेजी सम्बन्धी व्यवस्था ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

४९. व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको कुरा: (१) यो कम्पनी ऐन, अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसको विद्युत प्रसारण ग्रिड प्रणालीका लागि आवश्यक पर्ने प्रसारण प्रणालीको निर्माण, विस्तार, विविधीकरण, मर्मत सम्भारका अतिरिक्त त्यसको व्यवसायीकरणका लागि मात्र आवश्यक कारोबार गर्नेछ ।

(२) कम्पनीले आफ्नो काम कारोबार सुव्यवस्थित रुपले सञ्चालक गर्न समितिले आवश्यताअनुसार नीति, संहिता, कार्यविधि, निर्देशिका आदि आवश्यक दस्तावेज बनाई लागू गर्न सक्नेछ ।

(३) कम्पनीले विद्युत प्रसारण प्रणालीको विकास, निर्माण तथा कारोबार सञ्चालन गर्नको लागि संघ/संस्था वा अन्य कुनै दक्ष व्यक्तिबाट आवश्यक राय, सल्लाह वा परामर्श लिन सक्नेछ ।

(४) कम्पनीले आफ्ना कुल सम्पति र वासलात बाहिरको कारोबारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी प्रचलित कानूनले तोकिदिए बमोजिमको अनुपातमा जोखिम व्यहोर्ने कोष समेत स्थापना गर्न सक्नेछ ।

(५) समितिले ऐन, कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही खुला प्रतिस्पर्धाबाट आवश्यकताअनुसार विद्युत क्षेत्रसँग सम्बन्धित विशेष योग्यता तथा दक्षता हासिल गरेको प्र.का.अ. नियुक्ति गर्नेछ । समितिले आवश्यक ठानेमा उक्त कार्यका लागि छनौट समिति समेत गठन गर्न सक्नेछ । समितिले आवश्यक संख्यामा विभिन्न विधाका लागि आवश्यक पर्ने जनशक्तिको समेत नियुक्ति गर्न सक्नेछ । निर्देशक तथा महाप्रबन्धकका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता विभिन्न विधाका लागि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) कार्यकारी निर्देशक लगायत कर्मचारीको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोके बमोजिम वा सेवा करारद्धारा निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आवश्यकताका आधारमा स्वदेशी वा विदेशी संघ/संस्था, विशेषज्ञ, परामर्शदाता वा अन्य कुनै दक्ष व्यक्तिसँग समितिले सेवा करार सम्झौता समेत गर्न सक्नेछ ।

(८) अन्य कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारी विनियमावली वा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ ।

५०. <u>अन्य आवश्यक कुराहरु:</u> (१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गते देखि प्रारम्भ भई अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।

(२) कम्पनीमा ट्रेड युनियनको अधिकार प्रदान गरिने छैन ।

५१. <u>नियमावलीमा संशोधन भएका लागू हुने अवस्था:</u> यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यालयमा अभिलेख भए पछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. <u>नियमावली बाझिएको हदसम्म अमान्य हुने:</u> यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर हुनेछन् ।

५३. <u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण:</u> हामी राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौ । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिने कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौः

| संस्थापक नाम,ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नगरिकताको प्रमाणपत्र नं.र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम,थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं.र जिल्ला |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | | भए राहदानी नं. | | | |
| द.<br>नामः नेपाल सरकार, अर्थ मन्त्रालय तर्फबाट श्री खडानन्द गौतम, उपसचिव<br>ठेगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौं महानगरपालिका सिंहदरबार, वडा नं. ३२ ब्लक नः<br>फोन नंः<br>फ्याक्सः<br>इ—मेलः<br>पो.व.नंः<br>दा. वा. | | | ३२०००० | द<br>नामः गोपाल कडरिया<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>............नगरपालिका का-गा.स.,वडा नं. ३२ ब्लक नं.<br>दा. वा.. | |
| द.<br>नामः नेपाल सरकार, उर्जा मन्त्रालय तर्फबाट श्री रुद्र प्रसाद सिटौला, सहसचिव<br>ठेगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डो महानगरपालिका सिंहदरबार, वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं. | | | ७,००,००० | द.<br>नामः प्रल्हाद प्र. सापकोटा<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका का.गा.वि.स., वडा नं. ३२ ब्लक नं. | |

| | | | | | |
|---|---|---|---|---|---|
| दा. वा. | | | | दा . वा. | |
| द.<br>नामः नेपाल सरकार, रक्षा मन्त्रालयको तर्फबाट श्री तोयानाथ अधिकारी, सहसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | ८०,००० | द.<br>नामः केशव प्र. पौड्याल<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>…….नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं.<br><br>दा . वा. | |
| द.<br>नामः नेपाल सरकार, गृह मन्त्रालयका तर्फबाट श्री धनीराज ज्ञवाली, सहसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं. | | | ८०,००० | द.<br>नामः लेखनाथ पोखरेल<br>ठेगानाः काठमाडौं<br>जिल्लाः काठमाडौं<br>…….नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं. | |

| | | | | | |
|---|---|---|---|---|---|
| फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | | दा . वा. | |
| द.<br>नामः नेपाल सरकार वन मन्त्रालयका तर्फबाट श्री रेशम बहादुर डाँगी, सहसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा. वा. | | | ८०,००० | द.<br>नामः उध्दव प्र. ढुङ्गाना<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौ.<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं.<br><br>दा . वा. | |
| द.<br>नामःनेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयको तर्फबाट<br>श्री लक्ष्मी शर्मा, कानून अधिकृत | | | ८०,००० | द.<br>नामः रमेश अधिकारी<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं. | |

| | | | | | |
|---|---|---|---|---|---|
| ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा . वा | | | | दा . वा. | |
| द.<br>नामः नेपाल सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयका तर्फबाट श्री नवराज सापकोटा, उपसचिव<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा . वा | | | ८०,००० | द.<br>नामः यादव राउत<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.......नगरपालिका<br>का.गा.वि.स., वडा नं. ३२ ब्लक नं.<br><br>दा. वा | |
| द. | | | ८०,००० | द. | |

| | | | | | |
|---|---|---|---|---|---|
| नामः नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालयका तर्फबाट श्री विनोद खड्का, शाखा अधिकृत<br>ठगानाः<br>काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका सिंहदरबार,वडा नं. ३२ ब्लक नं.<br>फोन नं.<br>फ्याक्सः<br>ई—मेलः<br>पो.व.नं.<br><br>दा .  वा. | | | | नामः श्याम किशोर यादव<br>ठेगानाः ऊर्जा मन्त्रालय<br>जिल्लाः काठमाडौं<br>.....नगरपालिका<br>गा.वि. स, वडा नं. ३२<br>ब्लक नं.<br><br>दा .  वा. | |

इति संवत् २०७२ साल .... महिना ...गते  रोज................................ शुभम् ।